जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ५९ २०८३ साल असोज १२ गते सोमबार (28 Sep 2026 Monday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सेनाको निष्कर्ष : जलविद्युत्को ३ पृष्ठमा : पर्यटन पुनर्संरचनाको बदलिँदो ... ३ पृष्ठमायाँ एआई मोडलको विकास..

# हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा बाढीका कारण पाँच सय भन्दा बढी घर डुबानमा

**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

लगातार तीन दिनदेखी भइरहेको वर्षाका कारण सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा आएको बाढीका कारण पाँच सय भन्दा बढी घर डुबानमा परेका छन् । बाढीले घर डुबानमा पर्दा दुई हजारभन्दा बढी परिवार प्रभावित भएका छन् ।



हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ५, ७, १२, १३ र तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ र ५ को बस्तीमा बाढी पस्दा ५ सय भन्दा बढी घर डुबानमा परेपछि करिब दुई हजार प्रभावित भएका हुन् ।

हनुमाननगर नगरपालिकाका नगर प्रमुख वीरेन्द्र माझीका अनुसार वडा नं. १३ गोबरगाढामा १ सय ५० घर बाढीबाट प्रभावित भएको छ । वडा नं. १२ मा २ सय, वडा नं. ५ र ७ मा गरि १ सय ५४ घर डुवानमा परेका छन् ।

शुक्रबार राति सप्तकोशी नदीमा पानीको सतह बढेपछि बस्तीमा पानी पसेको नगर प्रमुख माझीले बताए । पालिकाले बाढीबाट प्रभावित भएकाहरूका लागि तत्काल बिहान र बेलुका दुई छाक खानाको व्यवस्था गरेको उनले जानकारी दिँदै पीडित पहिचान गरी थप राहत सामग्री उपलब्ध गराइने व्यवस्था मिलाएको जनाए ।

यस्तै तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ र ५ स्थित टिकुलीमा १९ घर डुबानमा परेका छन् । गाउँपालिकाको विपद् व्यवस्थापन अधिकृत राजेश झाका अनुसार डुबानका कारण प्रभावित भएका स्थानीयलाई राहत वितरणको काम भइरहेको छ ।

डुबानमा परेका परिवारलाई आवश्यक राहत सामग्री उपलब्ध गराउने तथा प्रभावित क्षेत्रको अवस्थाबारे निरन्तर निगरानी भइरहेको गाउँपालिकाले जनाएको छ ।

# तिलाठीका १९ बाढी प्रभावित परिवारलाई राहत बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ र ५ स्थित टिकुलीका बाढी प्रभावित १९ परिवारलाई गाउँपालिकाले राहत बितरण गरेको छ ।

गाउँपालिकाको विपद् व्यवस्थापन अधिकृत राजेश झाका अनुसार बाढी प्रभावित परिवारलाई आइतबार खाद्यान्न तथा गैरखाद्य सामग्री राहत वितरण गरिएको हो ।

वडा नं. ४ र वडा नं. ५ का गरी १९ परिवारलाई गाउँपालिकाबाट राहत वितरण गरिएको हो । प्रति परिवार २५ किलो चामल, २ किलो दाल, १ किलो नुन, १ लिटर खानेतेल, भुजिया ५ सय ग्राम, त्रिपाल एक थान, झुल एक थान, कम्बल एक थान, पाँच वटा चाउचाउ लगायतको सामानहरु वितरण गरिएको हो ।

सो अवसरमा गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डल, वडा नं. ४ का वडा अध्यक्ष मुनिलाल मुखिया, विपद व्यवस्थापन अधिकृत राजेश कुमार झासहितकाले राहत सामग्री वितरण गरे ।

यसैगरी कोकाकोला फाउन्डेशन र प्रोस्पर ग्लोबल नेपालको सहयोगमा जन चेतना अभियान नेपालद्वारा गैर खाद्य सामग्री वितरण गरेको छ । नेपालमा पूर्वानुमानमा आधारित पूर्व कार्य सुदृढिकरण परियोजना अन्तर्गत जनचेतना अभियान नेपालले झुल, टर्चलाइट, त्रिपाल, नाइलनको डोरी, खाना पकाउने भाँडाकुडा लगायतको सामग्री वितरण गरेको संस्थाका कार्यक्रम संयोजक लक्ष्मण खत्रीले जानकारी दिए ।

तिलाठी कोईलाडी

***बाँकी अन्तिम पृष्ठमा***

# बाढी प्रभावित क्षेत्रमा सशस्त्र प्रहरीको उद्धार टोली



**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

बाढीबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीले कोशी नदीको तटीय क्षेत्रसहित बाढी प्रभावित क्षेत्रमा उद्धार टोलीलाई 'हाई अलर्ट'मा राखेको छ ।

सशस्त्र प्रहरी उपरीक्षक नवीनसिंह राईका अनुसार सम्भावित बाढी तथा डुबानबाट प्रभावित हुन सक्ने क्षेत्रमा डीएमटी म्यानेजमेन्ट टिमका ३२ जनासहित ५ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ ।

उद्धार तथा राहतका लागि २ वटा ऱ्याप बोट र ३ वटा मोटर बोट गरी ५ वटा उद्धार बोट तयारी अवस्थामा राखिएको उनले जानकारी दिए ।

कोशी नदीको जलस्तर बढ्न सक्ने अवस्थालाई मध्यनजर गर्दै तटीय क्षेत्रमा निगरानी बढाइएको र आवश्यक परेको अवस्थामा तत्काल उद्धार तथा राहत कार्यमा परिचालन हुने गरी सुरक्षाकर्मीलाई तयारी अवस्थामा राखिएको सशस्त्र प्रहरीले जनाएको छ ।

# पहिरोमा पुरिएर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ११ असोज ।**

वर्षासँगै आएको पहिरोले घर पुरिदा धनुषामा एक महिलाको मृत्यु भएको छ ।

जिल्लाको मिथिला नगरपालिका ११ आँपगाछीकी ४२ वर्षीया कमला श्रेष्ठको मृत्यु भएको प्रहरीले जनाएको छ ।

आँपगाछी टोलका राजन श्रेष्ठको एक तले घरमाथि पहिरो खस्दा श्रेष्ठको मृत्यु भएको तथा परिवारका अन्य चार जना सदस्यले भने भागेर ज्यान बचाएको प्रहरीले जनाएको छ ।

यता अविरल वर्षाले सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा निजी घर तथा अन्य भौतिक संरचनामा क्षति भएको छ ।

## सम्पादकीय ....

### जिर्ण रंगशालाप्रति ध्यान पुगोस

राजविराजस्थित ऐतिहासिक राजरंगशाला जिर्ण भइसकेको अवस्थामा पनि कसैको ध्यान नपुग्नु निकै विडम्बना छ । रंगशाला जर्जर अवस्थामा पुगिसेकोको छ । चारैतिर खुल्ला समेत भइसकेको यस रंगशाला गौचरणमा परिणत भइसकेको छ । एकातिर गौचरण त अर्कोतिर प्याराफिटको बाहिरी भाग अतिक्रमणको चपेटमा परेको छ । यो रंगशाला दुई दशकदेखी जिर्णोद्धारको पखाईमा रहेको छ । जिर्ण अवस्थामा पुगिसकेको खेलमैदान सरोकारवाला निकाय यसप्रति उदासिन रहेको देखिन्छन् ।

जिल्ला खेलकुद विकास समितीको मातहतमा रहे पनि रंगशालालाई जिर्ण अवस्थाबाट उकास्न न त खेलकुद विकास समितीले ध्यान दिएको देखिन्छ न त सरकारी कुनै निकायको । बिहान मर्निङ वाक गर्ने स्थान, दिउँसो गौचरण तथा साँझपख डेटिङ थलो र राती शौच गर्न प्रयोग भइरहेको छ । यता प्यारापिट जिर्ण भई कुनै पनि बेला दुर्घटना हुन सक्ने सम्भावना पनि उत्तिकै छ । अब रंगशालाको मर्मत सम्भार नभएर यसको पुर्ननिर्माणतर्फ नै ध्यान केन्द्रित गर्नुपर्ने अवस्था आएको छ ।

तसर्थ तीनै तहका सरकारले यसको पुर्ननिर्माणमा कदम बढाउनेतर्फ अविलम्ब ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# सेनाको निष्कर्ष : जलविद्युत्को पुरिएका सुरुङभित्रको उद्धार विपद् प्रतिकार्यको जटिल र साहसिक अध्याय

काठमाडौं, ११ असोज (रासस) । नेपाली सेनाले रसुवाको भोटेकोशी बाढी व्यवस्थापनमा सङ्गठनको भूमिका अतुलनीय, ऐतिहासिक र अनुकरणीय रहेको निष्कर्ष निकालेको छ ।

प्रतिकूल र तीव्रगतिमा बदलिने मौसम, पहाडी तथा साँघुरो उडान क्षेत्र, सीमित हेलिप्याड, अवरुद्ध सञ्चार, नदीको अनिश्चित बहाव, निरन्तरको पहिरो तथा सुरुङभित्र थुप्रिएको लेदो र ठूला चट्टानजस्ता अत्यधिक उच्च जोखिमका बीच सम्पूर्ण उद्धार अभियान सम्पादन गरिएको सेनाले स्पष्ट पारेको छ ।

भोटेकोशी बाढीले राष्ट्रिय सङ्कट व्यवस्थापनमा विपद् प्रतिकार्यलाई सामान्य प्रशासनिक कामका रूपमा नभई उच्च जोखिम, अनिश्चितता र अन्तरनिकाय समन्वय आवश्यक पर्ने संयुक्त कार्यका रूपमा लिनुपर्ने स्पष्ट सन्देश दिएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “सङ्कटको जुनसुकै कठिन घडीमा पनि अग्रपङ्क्तिमा खटिएर नेपाली सेनाले प्रदर्शन गरेको अदम्य साहस तथा मानवीय समर्पण राष्ट्रका लागि गौरव, प्रेरणा र भविष्यका विपद् प्रतिकार्यका लागि महत्त्वपूर्ण दृष्टान्तका रूपमा रहनेछ ।”

रसुवा बाढीपछिको एक महिनाको अवधिमा गरिएका खोज तथा उद्धार, स्वास्थ्य सेवा प्रदान र प्रभावित क्षेत्रको जनजीवनलाई सामान्य बनाउन पूर्वाधार पुनर्स्थापनाका प्रयासबारे सेनाले राष्ट्रिय समाचार समिति (रासस)लाई उपलब्ध गराएको दस्तावेजमा विपद् प्रतिकार्यको सबैभन्दा जटिल र साहसिक अध्याय जलविद्युत् आयोजनाका पुरिएका सुरुङभित्र गरिएको उद्धार भएको ठम्याइँ छ ।

**भोटेकोशी बाढीः खोज, उद्धार तथा विपद् व्यवस्थापनमा नेपाली सेना**

गत भदौ १० गते भोटेकोशीमा गएको विनासकारी बाढीले नदी आसपासका तटीय क्षेत्रमा अपूरणीय क्षति पुर्‍यायो । यस अप्रत्यासित जलप्रकोपका कारण स्थानीय मानव बस्ती, सडक पूर्वाधार, पुलहरू तथा जलविद्युत् आयोजना क्षणभरमै लेदोमा बिलिन हुन पुगे ।

यस्तो विकराल र विषम राष्ट्रिय सङ्कटको घडीमा नेपाली सेनाले आफ्नो उत्कृष्ट मानवीय दायित्व निर्वाह गर्दै आपत्कालीन खोज, उद्धार तथा विपद् व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्‍यो । विपद्को खबर प्राप्त हुनासाथ रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन र पूर्वी नवलपरासीलगायत इलाकामा तैनाथ सैनिक युनिट तत्काल उद्धार कार्यका लागि खटिएका थिए । विषम परिस्थितिमा उद्धार अभियानलाई चुस्त बनाउन नौ हजार ३०० भन्दा बढी सैनिक जनशक्ति परिचालन गरिनुका साथै कम्पोजित क्विक रियाक्सन टिम (सिक्युआरटी) र आपत्कालीन मेडिकल टिमसहित तुरुन्त चारवटा हेलिकप्टर खोज तथा उद्धारका लागि खटाइएका थिए । भौगोलिक विकटता र सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध भएको चुनौतीपूर्ण स्थितिमा सेनाले हवाई उद्धार, जमिनी उद्धार, टनेल उद्धार, स्वास्थ्य सेवा तथा सडक सञ्जाल पुनर्स्थापनामा द्रुतगतिमा कार्य अगाडि बढाइरहेको छ ।

भौगोलिक जटिलता र सडक सञ्जाल पूर्ण रूपमा बिच्छेद भएको परिस्थितिमा नेपाली सेनाले हवाई मार्गलाई प्राथमिक माध्यम बनायो । एमआई-१७ लगायत सातवटा सैनिक हेलिकप्टर र निजी क्षेत्रका हवाई साधनलाई रणनीतिक रूपमा परिचालन गरिएको थियो । त्रिशूली र धुन्चेमा बेस स्थापना गरी एयर ट्राफिक कन्ट्रोल (एटिसी) सञ्चालनसहित दैनिक १५ देखि २२ वटा हेलिकप्टरमार्फत एक हजार ६०० भन्दा बढी उडानहरू भएका छन् ।

यस हवाई अभियानबाट कुल चार हजार २४२ जना (तीन हजार ९५९ नेपाली र १२ देशका २८३ विदेशी नागरिक)को सकुशल उद्धार भएको छ । यसका साथै टिमुरे, स्याफ्रुबेँसी, मैलुङ र हाकुबेँसीजस्ता स्थानमा हजारौं किलो खाद्यान्न, औषधि, रासन र अक्सिजन सिलिन्डर एयरलिफ्ट तथा ड्रोनबाट पठाउनुका साथै टनेल क्षेत्रमा खोज तथा उद्धारका लागि अतिआवश्यक उपकरण लैजान स्लिङ अपरेसनसमेत सञ्चालन गरिएको थियो ।

रसुवागढीदेखि नवलपरासी पूर्वसम्मका प्रभावित क्षेत्रमा जमिनी खोज तथा उद्धारकार्यलाई उत्तिकै तीव्रताका साथ अगाडि बढाइ नेपाली सेनाले नदी किनार, जङ्गल, डाँडाकाँडा र सडक बिच्छेद तथा बाढीबाट बढी प्रभावित तुप्चे, दानसिङ, कालिकास्थान, स्याफ्रुबेँसीलगायत बस्तीमा निरन्तर पैदल गस्ती सञ्चालन गरी शव सङ्कलन र स्थानीय निकायसँग समन्वय र सहकार्य गरी परिस्थितिको बारेमा जानकारी सङ्कलन गरिएको थियो ।

अप्ठ्यारो भूभागमा सम्भावित स्थानको पहिचान गर्न थर्मल ड्रोन तथा आधुनिक उपकरणको प्रयोग गरी रेकीसमेत भएका छन् । जमिनी उत्खनन र खोजीका क्रममा फेलापरेका एक हजार ४५१ वटा शवको व्यवस्थापनमा सहयोग गरेको छ । स्थानीय प्रशासन, स्थानीय निकाय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायत सबै सरोकारवाला पक्षसँग समन्वय र सहकार्यमा यी कार्यहरु भएका छन् ।

यस विपद् प्रतिकार्यको सबैभन्दा जटिल र साहसिक अध्याय जलविद्युत् आयोजनाका पुरिएका सुरुङहरूभित्र गरिएको उद्धारकार्य हो । जलविद्युत् आयोजनाको सुरुङ इलाकाबाट दुई हजार ७९८ र बाढीको लेदो, माटो र ठूला चट्टानले पुरिएका सुरुङबाट निरन्तर रूपमा गरिएको अथक प्रयासपश्चात सात जनाको जीवितै उद्धार गर्न सफल भएको छ । त्रिशूली-३ ‘ए’ मा ड्रिलिङ मेसिन, एक्स्काभेटर, रक ब्रेकर र नियन्त्रित विस्फोटमार्फत क्राउन हेड खोली, अक्सिजन पम्प गरेर भदौ १९ गते सुरुङभित्र फसेका दुई जनाको जीवितै उद्धार गरिएको छ । माथिल्लो त्रिशूली-१ बाट अडिट सुरुङको २२५ मिटर गहिराइबाट रबर बोट र थर्मल क्यामेराको प्रयोग गरी चिनियाँ नागरिकको सफल उद्धार गरिनुका साथै जम्मा ३७ वटा शवसमेत सङ्कलन भएका थिए ।

खोज तथा उद्धार टोलीद्वारा करिब एक हजार ५० मिटर वैकल्पिक बाटो खोली चिलिमे सुरुङको ब्रेकथ्रुपश्चात् पाँचवटा शव तथा मानव अङ्ग सङ्कलन गर्नुका साथै रसुवागढी र त्रिशूली-३ ‘बी’ आयोजनामा उत्खनन गरी खोज तथा उद्धारकार्य भएको छ । छिमेकीलगायत अन्य मित्र राष्ट्रहरुको जनशक्ति तथा प्रविधिसहित नेपाली सेनासँग संयुक्त रूपमा टनेलहरूमा खोज तथा उद्धारकार्यमा संलग्न भएका थिए ।

त्यसैगरी, भोटेकोशी बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धारकार्यका अतिरिक्त बाढी प्रभावित नागरिकको स्वास्थ्य उपचारलाई प्राथमिकतामा राख्दै सेनाले त्रिशूली र धुन्चेमा आपत्कालीन उपचार केन्द्र तथा मेडिकल गस्ती सञ्चालन गर्‍यो, जसबाट तुरुन्त बाढीबाट घाइते र अन्य गरी चार हजार तीन जनाले प्रत्यक्ष चिकित्सा सेवा प्राप्त गरे । सुरुङ तथा भौगोलिक रूपमा विकट इलाकामा गम्भीर घाइते अवस्थामा फेलापरेका नागरिकलाई हेलिकप्टरमार्फत छाउनीस्थित वीरेन्द्र अस्पताल पुर्‍याएर आपत्कालीन उपचार प्रदान गरियो । विस्थापितहरूका लागि अस्थायी आवास र होल्डिङ सेन्टरमा स्वास्थ्य सेवा प्रदान गर्नुका साथै महामारी फैलन नदिन स्थानीय निकायसँगको समन्वयमा निसङ्क्रमण अपरेसन सञ्चालन गरिएको थियो ।

खोज तथा उद्धारकार्य, स्वास्थ सेवा प्रदानका साथसाथै प्रभावित जनजीवनलाई सामान्य बनाउन पूर्वाधार पुनर्स्थापनामा नेपाली सेनाले महत्त्वपूर्ण येगदान पुर्‍याएको छ । नुवाकोटको देवीघाटस्थित तादी नदीमा करिब ६० मिटर लम्बाइ र ६० टन भार क्षमताको एक्रो ब्रिज पाँच दिनको निरन्तर प्रयासमा जडान गरी भदौ २५ गतेदेखि सञ्चालनमा ल्याइयो । स्याफ्रुबेँसी-चिलिमे र इन्द्रेणी घाटमा तुइन तथा काठका अस्थायी फट्के निर्माण गरिए । बेत्रावतीमा बेलीब्रिज निर्माणकार्य अगाडि बढाउने क्रममा विष्फोटक पदार्थ प्रयोग गरी पुल निर्माण गर्ने स्थानसम्म जाने बाटो निर्माण भइहेको छ ।

समग्रमा, रसुवाको भोटेकोशी बाढी व्यवस्थापनमा नेपाली सेनाको भूमिका अतुलनीय, ऐतिहासिक र अनुकरणीय रह्यो । सम्पूर्ण उद्धार अभियान प्रतिकूल र तीव्रगतिमा बदलिने मौसम, पहाडी तथा साँघुरो उडान क्षेत्र, सीमित हेलिप्याड, अवरुद्ध सञ्चार, नदीको अनिश्चित बहाव, निरन्तरको पहिरो तथा सुरुङभित्र थुप्रिएको लेदो र ठूला चट्टानजस्ता अत्यधिक उच्च जोखिमका बीच कार्यसम्पादन गरिएको थियो । आफ्नै परिवार तथा सैनिकसमेत विपद्बाट प्रभावित रहेको अवस्थामा पनि नेपाली सेनाले कर्तव्यलाई सर्वोच्च प्राथमिकता दिँदै नागरिकको जीवनरक्षाका लागि निरन्तर अग्रपङ्क्तिमा रही खोज तथा उद्धार कार्य सञ्चालन गरिएको छ ।

विशेषतः हाइड्रोपावरको साँघुरो र जोखिमपूर्ण सुरुङभित्र करिब १७० मिटर गहिराइसम्म प्रवेश गरी लेदो, चट्टान, सीमित स्थान तथा थप जोखिमको सम्भावनाबीच गरिएको जीवित उद्धार नेपाली सेनाको अदम्य साहस, उच्च व्यावसायिक दक्षता, टोलीगत समन्वय र जोखिम वहन गर्ने सैनिक चरित्रको कारणले सम्भव भएको देखिन्छ ।

राष्ट्रिय सङ्कट व्यवस्थापनमा विपद् प्रतिकार्यलाई सामान्य प्रशासनिक कामका रूपमा नभई उच्च जोखिम, अनिश्चितता र अन्तर-निकाय समन्वय आवश्यक पर्ने संयुक्त कार्यका रूपमा लिनुपर्ने स्पष्ट सन्देश दिएको छ । सङ्कटको जुनसुकै कठिन घडीमा पनि अग्रपङ्क्तिमा खटिएर नेपाली सेनाले प्रदर्शन गरेको अदम्य साहस तथा मानवीय समर्पण राष्ट्रका लागि गौरव, प्रेरणा र भविष्यका विपद् प्रतिकार्यका लागि महत्त्वपूर्ण दृष्टान्तका रूपमा रहनेछ ।

साथै, विपद् प्रतिकार्यमा नेपाल सरकारको निर्देशनबमोजिम नेपाली सेनालगायत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय प्रशासन, स्थानीय निकाय र स्थानीय समुदायबीच समन्वय र सहकार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको प्रष्ट देखिएको छ ।

# कोशीमा रोकिएको ठेक्का प्रक्रियाको काम सुरु

विराटनगर, ११ असोज (रासस) । कोशी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षका लागि रोकिएका विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको ठेक्का प्रक्रिया सुचारु गरेको छ ।

मन्त्रालयले प्रदेश मातहतका १४ वटै पूर्वाधार विकास कार्यालयहरूलाई परिपत्र गर्दै पहिलो चरणमा अधिकांश योजनाहरूको ठेक्का प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिएको हो ।

हाल रोकिएका कार्यक्रम तथा आयोजनाहरू दुई चरणमा कार्यान्वयन गर्ने भन्दै मन्त्रालयले बजेट पुस्तिकामा समावेश भएका सम्पूर्ण आयोजनाहरू पहिलो चरणमै कार्यान्वयनमा लैजान निर्देशन दिएको छ ।

यसअघि मन्त्रालयले गत भदौ ११ गते पत्र पठाउँदै अर्को व्यवस्था नभएसम्मका लागि नयाँ ठेक्का प्रक्रिया अघि नबढाउन निर्देशन दिएको थियो ।

नयाँ सरकार गठन, सत्ता साझेदार दलहरूबीच न्यूनतम साझा कार्यक्रम निर्माणको तयारी तथा बजेट पुनरावलोकनको प्रक्रिया चलिरहेका कारण त्यतिबेला आयोजनाहरूको लागत अनुमान मात्र तयार गर्नेगरी ठेक्कासम्बन्धी काम रोकिएको थियो ।

त्यसबाहेक प्रदेशसभाबाट बजेट पारित हुँदा सरकारको तर्फबाट बजेट पुनरावलोकन गरी सांसदहरुले

*बाँकी तीन पृष्ठमा*

# पर्यटन पुनर्संरचनाको बदलिँदो 'डिजिटलमुखी' बहस

**डा. चेतनाथ कर्णेल**

काठमाडौँ, ११ असोज (रासस)।

विश्वभर पर्यटन दिवस मनाइरहँदा यस दिनले छाड्ने विशेष सन्देशउपर नेपाल पनि चुप लागेर बस्ने कुरो आउँदैन। हरेक वर्ष नयाँ नारा र सन्देशका साथ २७ सेप्टेम्बरलाई 'अब पर्यटनले नयाँ तरिकाले आफूलाई प्रस्तुत गर्नुपर्छ' भन्ने विशेष अभीष्ट र अभियान बोकेर आउने हुँदा संयुक्त राष्ट्रसङ्घीय पर्यटन सङ्गठन (युएन टुरिजम) को आह्वानअनुरूप यो वर्ष पर्यटनलाई 'डिजिटल एजेन्डा' र पछिल्लो समय तीव्र रूपमा बढ्दै गएको 'कृत्रिम बुद्धिमत्ता (एआई)' सँग जोड्ने विश्वव्यापी पहलले थप प्रश्रयता पाएको छ।

हामीलाई थाहा छ, नेपालको पर्यटनले अपेक्षित गति समात्न सकेको छैन। छिमेकी देशहरू तथा पर्यटनमा आफूलाई अब्बल ठान्ने कतिपय देशहरूको तुलनामा हाम्रो पर्यटन वृद्धिदर कछुवाको गति, अझ भनौँ बिरामी कछुवाको गतिमा पाइला सारेजस्तो भएको छ। यसका पछाडि धेरै कारण छन्। ती कारणहरूमध्ये नेपालको पर्यटनले 'डिजिटल' संसारलाई विश्वले अपेक्षा गरेअनुसार पछ्याउन नसक्नु पनि एक हो।

साथै, विगत दुई-तीन वर्षयता विश्वभर चम्किरहेको एआई लहरलाई नेपाली पर्यटनको डोरीले तान्न नसक्नु पनि हो भनिन्छ। यी सन्दर्भमा यस वर्षको पर्यटनको नारा नेपालको सन्दर्भमा झनै सान्दर्भिक देखिन्छ।

हो, नेपाली पर्यटनले डिजिटल संसारलाई आत्मसात् गर्ने सोच नराखेको होइन। किनकि, यस पङ्क्तिकारको पनि संलग्नतामा सन् २०१६ देखि २०२५ सम्मका लागि तयार पारिएको १० वर्षे 'राष्ट्रिय रणनीतिक पर्यटन विकास योजना'मा नै नेपालको पर्यटनमा डिजिटल प्रयोग अधिकतम बढाउँदै जाने र पर्यटनको विश्व बजारीकरणमा अब पोस्टर र पम्प्लेट अनि ब्रोसर र बुकलेट बोकेर जाने होइन हरेक देश, हरेक सहर र हरेक पर्यटकको हातमा नेपाली पर्यटनको सूचना 'डिजिटल्ली' सहजै पुग्ने वातावरण बनाउने कुरा स्पष्ट उल्लेख गरिएको थियो।

नेपाल पर्यटन बोर्डले विभिन्न समयमा बनाएका पर्यटन बजारीकरण नीति, रणनीति तथा कार्ययोजनाहरूमा पनि पर्यटनको प्रवर्द्धन र बजारीकरणमा डिजिटल माध्यमको प्रयोगमा बढोत्तरी ल्याउने कुरा उल्लेख नभएका होइनन्। तर पनि अपेक्षित गति र लय समात्न नसकेको यथार्थ छ। अबको समयले यो कुरामा थप आँखा लगाउन र गतिशील पहलकदमी अघि बढाउन ढोका खोल्नै पर्छ।

विश्वका एकसयभन्दा बढी देशमा फैलिएका नेपाली डायस्पोराले पनि नेपालको पर्यटनमा आधुनिक सञ्चारमाध्यमको प्रयोग हुन नसकेको गुनासो बारम्बार गर्ने गरेका छन्। नेपालको पर्यटनलाई माया गर्ने तर विगत ३० वर्षदेखि बेलायतको लण्डनमा बस्दै आएका गुल्मीका एक मित्र भन्छन्, "अबको जमानामा पोस्टर डिस्प्ले गर्नका लागि पर्यटन मेलामा वा मञ्चमा सहभागी हुन जाने होइन, डिजिटल संसारमा आफूलाई सशक्त ढङ्गले जोडेर दैनिकजसो नै पर्यटन मेला (टुरिजम फेयर) त्यही डिजिटल प्लेटफर्ममा नै सञ्चालन हुने व्यवस्था मिलाउनु पर्छ, भौतिक उपस्थितिलाई भन्दा डिजिटल उपस्थितिलाई जोड दिने अभ्यास र संस्कृति बढाउनु पर्छ।" विश्व परिवेश केलाउँदा र बदलिँदो डिजिटल अभियानलाई आत्मसात् गर्दा यो भनाइ सोह्रै आना सही लाग्छ।

अमेरिकाको क्यालिफोर्नियामा दुई दशकदेखि रेस्टुरेन्ट व्यवसाय गर्दै आएका गुल्मीकै अर्का मित्र सुनाउँछन्, "पहिले पहिले म नेपाल आउँदा नेपाल पर्यटन बोर्डमा गएर विशेष अनुरोध गरी-गरी पोस्टर र लिफलेटको भारी बोकेर आउँथे, आफ्नो रेस्टुरेन्टको भित्ताभरि टाँसेर नेपालमय बनाउँथे, कतिपय ग्राहकलाई पनि बाँड्ने गर्थे, अनि मसँग कुरा गर्न चाहनेलाई नेपालका बारेमा थप बताउने गर्थे तर हेर्दाहेर्दै यो पाँच-सात वर्षमा त जमाना नै बदलिएजस्तो लाग्छ। स्मार्ट फोन र स्मार्ट टिभीको बढ्दो चलनले अहिले हामीले रेस्टुरेन्टका प्रत्येक कोठा र कुनामा सानो स्वरमा नेपालका गन्तव्यका बारेमा प्रचार सामग्रीहरू निरन्तर 'डिस्प्ले' र 'प्ले' गरिदिएका हुन्छौँ। "गन्तव्यका बारेमा आफैँ बोल्ने सामग्री भए भने एउटा पोस्टर वा ब्रोसरभन्दा ती डिजिटल सामग्री बढी प्रभावकारी हुने हाम्रो अनुभव रह्यो," उनी थप्छन्, "नेपालले यस्ता स्व-वर्णित स्तरीय सामग्री टन्नै बनाएर एप, वेब, युट्युब, रिल्स, पोडकास्ट, अडियो, विश्वस्तरका टिभी, सामाजिक सञ्जाल आदि मार्फत डिजिटल संसारमा राखिदिनुपर्छ भन्ने हाम्रो अनुरोध हो। यसो गरेमा प्रचार आफैँ हुन्छ, प्रत्यक्ष बजारसँग पर्यटनका व्यापारीहरू (ट्राभल, ट्रेकिङ, एक्सपेडिसन, होटेल, होमस्टे आदि) सहज ढङ्गले आफैँ जोडिन पुग्छन्।"

लण्डन र क्यालिफोर्नियाका दुई डायस्पोरिक अनुभवले नेपालको पर्यटनलाई बढीभन्दा बढी डिजिटाइज्ड गर्नुपर्ने कुराको स्पष्ट सङ्केत गरेका छन्। ती अनुभव खारिएका अनुभव हुन्। यी कुराहरूलाई मध्यनजर गर्दै नेपालको पर्यटनले अब फरक मोड लिनुपर्ने समय आएको छ। बल्ल बल्ल प्राप्त भएको करिब १२ लाख पर्यटकको आगमनलाई पार गर्दै पर्यटनलाईठ राष्ट्रिय अर्थतन्त्रको अझ बलियो आधार बनाउने हो भने विगतकै संरचना, सोच र प्रचारशैली दोहोऱ्याएर सम्भव हुँदैन। नेपालसँग पर्यटक आकर्षित गर्ने प्राकृतिक, सांस्कृतिक र साहसिक सम्पदाको कुनै कमी छैन; कमी छ त ती सम्पदालाई विश्वस्तरीय सूचना, सेवा, सुरक्षा, पहुँच र डिजिटल अनुभवसँग जोड्ने एकीकृत प्रणालीको। यही प्रणाली बढोत्तरीका साथ हामीले पर्यटक आगमन बढाउनु छ, बसाइ अवधि बढाउनु छ, खर्च गर्ने प्रवृत्ति पनि बढाउनु छ। पर्यटनबाट हुने आम्दानी देशैभर बाँड्नु पनि छ।

हिमाल, पहाड र तराईको भौगोलिक विविधता नेपालका लागि पर्यटनको सबैभन्दा ठूलो पुँजी हो। सगरमाथा र अन्य हिमशृङ्खलाका आधार शिविरदेखि मध्यपहाडका डाँडाकाँडा, तालतलैया, नदी, जङ्गल, वन्यजन्तु, धार्मिक सम्पदा र ग्रामीण जीवनसम्म नेपालले एउटै यात्रामा असाधारण विविधता प्रदान गर्न सक्छ तर यो सम्भावनालाई पर्यटकको लामो बसाइ, बढी खर्च र पुनःआगमनमा रूपान्तरण गर्न हामीले अब पर्यटनको परम्परागत ढाँचाभन्दा बाहिर सोच्नैपर्छ, समग्र पर्यटनलाई पुनर्संरचित गर्नैपर्छ।

पछिल्लो समय नेपालले आरोग्य पर्यटनलाई बढावा दिएको छ। तर यो पर्यटन अब कसरी अगाडि बढाउने भन्ने कुरामा सम्बन्धित सरोकारवालाहरूमा ज्ञानको कमी छ, सीपको कमी छ र रणनीतिक दृष्टिकोणको पनि अभाव नै छ। बहुआयामिक क्षमता विकासविना 'आरोग्य पर्यटन, आरोग्य नेपाल'को सपना पूरा हुन पाउँदैन। अर्को कुरा, आरोग्य पर्यटन एकलमा वा अलगमा सोच्नु हुँदैन। यसका लागि रणनीतिक ढङ्गले होटेल, होमस्टे, आरोहण, पदयात्रा, जलआमोद, खेल पर्यटन, पर्यापर्यटन आदि सबैको एकीकृत सोच र अभियान चाहिन्छ। सबै पर्यटकीय क्रियाकलापमा आरोग्यताको अभिन्नता, गन्तव्यको विविधता, गुणस्तरमा अब्बलता र सन्तुष्टिको पर्याप्तता अन्तरघुलित एवम् परिपूर्णित भएको हुनुपर्छ। उदाहरणका लागि एउटा हिमाली पदयात्रालाई स्थानीय गाउँ, संस्कृति, कृषि, खाना, होमस्टे, ध्यान-योग, जैविक विविधता र ताल-जङ्गलको अनुभवसँग जोड्न सकियो भने एउटै पर्यटकका लागि धेरै दिनको यात्रा निर्माण गर्न सकिन्छ।

यस सन्दर्भमा नेपालको पर्यटनको दीर्घकालीन नारा 'नेचुरल्ली नेपाल, वन्स इज नट इनफ' ले पनि हामीलाई सधैँ प्रेरित गरिरहेको छ कि नेपालको पर्यटन प्रकृतिमय पर्यटन हो, प्राकृतिकपन यहाँको पर्यटनको प्रमुख विशेषता हो। यो पनको यथार्थ स्वाद लिन सक्ने वातावरण बनाउनु नै आरोग्य पर्यटनको अभिन्न र प्राथमिकतायुक्त अभियान हुनुपर्छ।

**निष्कर्षमा,**

नेपाल एकपटक हेरेर फर्किने गन्तव्य होइन, फरक मौसममा, फरक भूगोलमा र फरक अनुभवका लागि पुनः आउनुपर्ने गन्तव्य हो भन्ने कुरा हामीले विश्वलाई भन्न सकेका छैनौँ। सगरमाथाका कुरा, बुद्ध जन्मभूमिका कुरा, प्राकृत नेपालका कुरा 'विश्व डिजिटल मञ्च'मा हाल्न नसकेकै कारणबाट हामी पर्यटनमा पछि परेका हौँ। गति, लय र विश्वबजारको ट्युनिङ पनि समात्न नसकेका हौँ। यसका लागि हामीले डिजिटल संसार र एआईको समेत प्रयोग गरी आकर्षक विज्ञापन बनाउने र बलियो सूचना प्रणालीमार्फत विश्वभर छर्ने मात्र होइन; पर्यटकले नेपालका विभिन्न भागमा सजिलै सूचना पाउने, यात्रा योजना बनाउन सक्ने, सेवा बुक गर्न सक्ने र यात्राका क्रममा सुरक्षित महसुस गर्ने प्रणाली निर्माण गर्नुपर्छ। किनकि, आजको पर्यटक नेपाल आउनुअघि नै डिजिटल माध्यमबाट गन्तव्यको खोजी गर्छ, मौसम, सडक, पदमार्ग, होटल, होमस्टे, खानपान, स्वास्थ्य-सेवा, सुरक्षा, स्थानीय यातायात र सम्भावित जोखिमबारे जानकारी लिएर मात्र यात्रा तय गर्छ। त्यसैलतय॰ पर्यटन सूचना प्रणाली अब पर्यटनको सहायक पक्ष होइन, पर्यटन पूर्वाधारकै एउटा महत्वपूर्ण हिस्सा हो।

साथै, हालै भोटेकोशी तथा त्रिशूली क्षेत्रमा देखिएको घटनाले दुर्गम पर्यटन क्षेत्रमा सञ्चार र पूर्वसूचनाको महत्वलाई अझ गम्भीर बनाएको छ। प्राकृतिक जोखिमलाई पूर्ण रूपमा रोक्न सकिँदैन, तर जोखिमको सूचना समयमै पुऱ्याउन सकिन्छ। मौसममा आएको परिवर्तन, सडक वा पदमार्गको अवस्था, बाढी-पहिरोको सम्भावना, नदीको जोखिम, हिमपात, स्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था वा अन्य सम्भावित खतराबारे पर्यटकलाई यात्रा सुरु गर्नुअघि र यात्राका क्रममा अद्यावधिक सूचना दिन सकिने प्रणाली आवश्यक छ। यस वर्ष, अर्थात् ४७औँ विश्व पर्यटन दिवसको मूल नाराले दिएको डिजिटलमुखी सन्देश पनि यही हो। (लेखक पर्यटनविद् तथा राष्ट्रिय विकास केन्द्रका अध्यक्ष हुनुहुन्छ।)

## विश्व समाचार

### नयाँ एआई मोडलको विकास रोक्दै ओपनएआई, थप सुरक्षा उपायमा जोड

न्युयोर्क, ११ असोज (रासस/एपी)।

ओपनएआईले आफ्नो पछिल्लो कृत्रिम बुद्धिमत्ता (एआई) मोडलको प्रशिक्षण अस्थायी रूपमा रोकेको जनाएको छ। एआईले अपेक्षा गरिएभन्दा फरक गतिविधि गरेको रिपोर्ट सार्वजनिक भएपछि कम्पनीले यस्तो निर्णय गरेको हो। कम्पनीले शुक्रबार अमेरिकी संघीय सरकारका वेबसाइटमा एआईबाट भएको केही गतिविधिबारे समीक्षा गरिरहेको जानकारी दिएको थियो। गर्मीयाममा भएका ती घटनामा एआईले सरकारी वेबसाइटबाट सूचना खोज्ने तथा वितरण गर्ने क्रममा दिइएको निर्देशनभन्दा बाहिर गएर अप्रत्याशित व्यवहार गरेको ओपनएआईले जनाएको छ।

यसैबीच, एआई मूल्यांकन संस्था ट्रान्सलुसले ओपनएआईसँग सम्बन्धित देखिएका केही एआईले अमेरिकी शिक्षा विभागको वेबसाइटमा अनधिकृत रूपमा प्रवेश गर्ने प्रयास गरेको जनाएको छ। उक्त दाबीलाई ओपनएआईले भने पुष्टि गरेको छैन। ओपनएआईका अनुसार थप सुरक्षा उपायहरू लागू भएकोमा विश्वस्त भएपछि मात्र मोडलको प्रशिक्षण पुनः सुरु गरिनेछ। एआई प्रविधिको विकाससँगै नयाँ चुनौतीहरू देखिन सक्ने भएकाले भविष्यमा पनि प्रशिक्षण अस्थायी रूपमा रोक्नुपर्ने अवस्था आउन सक्ने कम्पनीले जनाएको छ। एआईले वेबसाइटसँग अन्तरक्रिया गर्ने, सूचना खोज्ने तथा विभिन्न कार्य आफैं सम्पन्न गर्ने क्षमता बढ्दै गएपछि यसको सुरक्षा र नियन्त्रणबारे अमेरिकी सांसद तथा प्रविधि विज्ञहरूले चासो व्यक्त गर्दै आएका छन्।

ओपनएआई र प्रतिद्वन्द्वी एआई कम्पनी एन्थ्रोपिकका प्रमुखहरूले पनि आवश्यक सुरक्षा मापदण्ड तथा नियन्त्रण प्रणाली निर्माण गर्न एआई विकासको गति केही कम गर्नुपर्ने धारणा व्यक्त गरेका छन्। पछिल्लो तीन महिनामा ओपनएआईले एआई मोडलको विकास रोकेको यो दोस्रोपटक हो। यसअघि जुलाईमा एआईसम्बन्धी स्टार्टअप हगिङ फेसमाथि भएको साइबर आक्रमण सार्वजनिक भएपछि कम्पनीले आफ्नो मोडल विकास अस्थायी रूपमा रोकेको थियो।

### बैंककमा भीषण बाढी, हजारौं नागरिक विस्थापित

बैंकक, ११ असोज (रासस/एएफपी)।

लगातार परेको भारी वर्षापछि थाइल्यान्डको राजधानी बैंककमा व्यापक बाढी आएको छ। बाढीका कारण हजारौं मानिस आश्रयस्थलमा बस्न बाध्य भएका छन् भने घर तथा सडकहरू जलमग्न भएका छन्। बैंकक महानगर प्रशासनका अनुसार करिब ४ हजार ९ सय जनालाई सुरक्षित स्थानमा सारिएको छ भने ५२ हजारभन्दा बढी घरपरिवार बाढीबाट प्रभावित भएका छन्। बाढीपछि राजधानीका विभिन्न क्षेत्रमा विपद् घोषणा गरिएको छ।

मौसम विभागका अनुसार बिहीबारदेखि आइतबारसम्म बैंकका केही क्षेत्रमा ३३० मिलिमिटरभन्दा बढी वर्षा भएको छ। सेप्टेम्बर थाइल्यान्डमा वर्षायाममा उच्च अवधि भए पनि स्थानीय बासिन्दाले यसपटकको बाढी विगतका वर्षभन्दा गम्भीर भएको बताएका छन्। बैंककको बाहिरी क्षेत्रमा प्रेमप्रचाकोर्न नहरनजिक बस्ने ४४ वर्षीय कार्यालय कर्मचारी कोसिन निलसेटका अनुसार उहाँको घर करिब ३० घण्टासम्म पानीमा डुबेको थियो। उहाँले यसपटक पानीको सतह सन् २०११ को विनाशकारी बाढीभन्दा पनि माथि पुगेको बताउनुभयो। सन् २०११ मा थाइल्यान्डमा आएको व्यापक बाढीका कारण ५०० भन्दा बढी मानिसको मृत्यु भएको थियो भने लाखौं घरमा क्षति पुगेको थियो।

बैंककका विभिन्न क्षेत्रमा मानिसहरू घुँडासम्म आउने फोहोर पानीमा हिँडिरहेका देखिएका छन्। केहीले प्लास्टिकका टबमा आफ्ना सामान राखेर बाढीको पानीबाट सुरक्षित स्थानतर्फ लगेका थिए। बैंककका नहरहरूमा पानीको सतह अझै उच्च रहेको र पानी निकास तीव्र बनाउन अधिकारीहरूले काम गरिरहेको महानगर प्रशासनले जनाएको छ। आइतबार पनि थप वर्षाको सम्भावना रहे पनि सोमबारदेखि वर्षा क्रमशः कम हुने अनुमान गरिएको छ।

बैंककका गभर्नर चाडचार्ट सिटिपुन्टले बाढी प्रभावित क्षेत्रका बासिन्दालाई अत्यावश्यक कामबाहेक यात्रा नगर्न आग्रह गर्नुभयो। उहाँले शनिबार राति खेहा रोङ्लाओ क्षेत्रको अस्थायी आश्रयस्थलको निरीक्षण गर्नुभएको थियो, जहाँ करिब एक हजार जना विस्थापित भएको बताइएको छ। आश्रयस्थलमा केही मानिस खाट र बेन्चमा आफ्ना कुकुरसहित बसेका थिए भने अन्यले कक्षाकोठाको भुइँमा कम्बल ओछ्याएर रात बिताएका थिए। बाढीका कारण बैंककका सयौं विद्यालय सोमबार बन्द हुने महानगर प्रशासनले जनाएको छ। बाढीका कारण केही पसलमा अत्यावश्यक सामग्रीको अभावसमेत देखिएको छ। मानिसहरूले आवश्यक सामग्री किन्न हतार गरेपछि केही सुविधा पसलका ऱ्याकहरू खाली भएका थिए। प्रधानमन्त्री कार्यालयले भने सर्वसाधारणलाई आत्तिएर अत्यधिक सामान नकिन्न आग्रह गर्दै कृत्रिम रूपमा मूल्य बढाउनु कानुनविपरीत हुने चेतावनी दिएको छ।

प्रेमप्रचाकोर्न नहरनजिकै बस्ने ५६ वर्षीया थिदारत सिल्सुवानको घर पनि आंशिक रूपमा डुबेको छ। उहाँले दुई दिनदेखि टेबलमाथि सुतिरहेको बताउनुभयो। आश्रयस्थल जानुभन्दा आफ्ना सामान जोगाउने र घर सफा गर्ने प्रयासमा रहेको उहाँले बताउनुभयो। उहाँले ठूला विद्युतीय उपकरणहरू–फ्रिज र लुगा धुने मेसिन–बचाउन नसकेको र ती बिग्रिएको हुन सक्ने बताउनुभयो। वैज्ञानिकहरूका अनुसार विश्वव्यापी तापक्रम वृद्धि र जीवाश्म इन्धनबाट हुने उत्सर्जनका कारण अत्यधिक मौसमजन्य घटनाको तीव्रता र आवृत्ति बढ्न सक्ने चेतावनी दिँदै आएका छन्।

### *कोशीमा रोकिएको ...*

उठाएका माग सम्बोधन गर्नुपर्ने बाध्यताका कारण ठेक्का रोक्नुपरेको मन्त्रालयले जनाएको छ।।

यसै सन्दर्भमा प्रदेश मुख्यमन्त्री, आर्थिक मामिला तथा योजनामन्त्री र सत्तारुढ दल नेकपाका नेताहरुसमेतका बीचमा राजनीतक सहमति जुटेपछि बजेट कार्यान्वयन प्रक्रिया अघि बढेको भौतिक पूर्वाधार विकास मन्त्रालयले स्पष्ट गरेको छ।

विकास निर्माणका महत्त्वपूर्ण कामहरू लामो समयसम्म रोकेर राख्दा पुँजीगत खर्च प्रभावित हुने, समयमै काम सम्पन्न नहुने र जनअपेक्षामा असर पर्ने निष्कर्षसहित दुई चरणमा योजना कार्यान्वयन गर्ने सहमति भएको हो।

प्रदेशसभामा बजेट पुनरावलोकन गर्ने भनी गरिएको प्रतिबद्धता र सांसदहरूको सरोकारलाई कानुनी उपायको खोजी गरी राजनीतिक सहमतिका आधारमा सम्बोधन गर्ने सहमति जुटेपछि ठेक्का प्रक्रिया अघि बढाइएको भौतिक पूर्वाधार विकासमन्त्री जीवन आचार्यले जानकारी दिनुभयो।

मन्त्रालयको पछिल्लो निर्णयसँगै प्रदेशका १४ वटै जिल्लाका पूर्वाधार विकास कार्यालयमार्फत कार्यान्वयन हुने सडक, पक्की पुल, झोलुङ्गे पुललगायतका योजनाहरूले अब गति लिने छन्।

विवादित, दोहोरिएका वा थप प्राविधिक पुनरावलोकन आवश्यक देखिएका केही आयोजनाहरूलाई भने दोस्रो चरणमा कार्यान्वयन गर्ने गरी मन्त्रालयले छुट्टै विवरण तयार पारेको जनाएको छ। ती आयोजनाहरूको हकमा असोज तेस्रो साता बस्ने पदेशसभा बैठकपछि प्रक्रिया अगाडि बढ्ने बताइएको।

भौतिक पूर्वाधार विकासमन्त्री आचार्यले यसअघि नै पुराना तथा निर्माणाधीन बहुवर्षीय आयोजनाहरू नरोकिने र ती नियमित रूपमा अघि बढ्ने बताउनुभएको थियो। नयाँ आयोजनाका हकमा सरकारले योजनालाई थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउने उद्देश्यले पुनरावलोकनको बाटो रोजेको थियो।

ठेक्का प्रक्रिया अघि बढेसँगै कोशी प्रदेशमा पूर्वाधार विकासतर्फको योजना कार्यान्वयनमा देखिएको समस्या टरेको छ। जनप्रतिनिधिका मागलाई समेट्दै र प्राविधिक गुणस्तरमा सम्झौता नगरी काम अगाडि बढाउने सरकारी कदमले चालु आर्थिक वर्षको विकास खर्च बढाउन र आयोजनाहरू समयमै सम्पन्न सहयोग पुग्ने भौतिक पूर्वाधार मन्त्रालयले स्पष्ट गरेको छ।

# मधेस र कोशीबीच आर्थिक तथा वित्तीय सहकार्य गर्ने समझदारी

जनकपुरधाम, ११ असोज (रासस)। मधेस प्रदेश सरकारको अर्थ मन्त्रालय र कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयबीच आर्थिक तथा वित्तीय क्षेत्रमा सहकार्य र समन्वय गर्ने समझदारी भएको छ।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराई र कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपद्वारा शुक्रबार हस्ताक्षरित समझदारीपत्रमा दुवै प्रदेशका अर्थ/आर्थिक मामिला मन्त्रालयबीच पूर्व-बजेट परामर्श, बजेट तर्जुमा, राजस्व प्रशासन, सार्वजनिक वित्तीय व्यवस्थापन, वित्तीय सङ्घीयता तथा आर्थिक नीतिलगायत क्षेत्रमा सहकार्य गर्ने उल्लेख छ।

समझदारीअनुसार दुवै प्रदेशले वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणअघि साझा प्राथमिकता, राजस्व तथा आर्थिक नीतिका विषयमा संयुक्त छलफल तथा कार्यशाला गर्नेछन्। साथै समान प्रकृतिका कार्यक्रमबाट हुने दोहोरो खर्च घटाउँदै उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्ने नीति लिइने उल्लेख छ।

समझदारीपत्रमा संयुक्त अन्तरप्रदेशीय समन्वय समिति गठन गरी वार्षिक सहकार्य कार्ययोजना बनाउने तथा प्रगति समीक्षा गर्ने व्यवस्था गरिएको छ भने मन्त्रिस्तरमा वार्षिक उच्चस्तरीय सम्मेलनसमेत पालैपालो आयोजना गरिने समझदारीपत्रमा उल्लेख छ।

राजस्व सम्भाव्यता अध्ययन, राजस्व सुधार कार्ययोजना, स्थानीय तहको राजस्व प्रशासन सुदृढीकरण, वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा प्रदेश-स्थानीय तहबीचको वित्तीय सम्बन्धका विषयमा पनि संयुक्त अध्ययन तथा अनुसन्धान गरिने मन्त्री भट्टराईले बताउनुभयो।

त्यस्तै, डिजिटल सार्वजनिक वित्तीय प्रणालीको प्रयोग तथा तालिममा सहकार्य गर्ने र तथ्याङ्क तथा सूचना आदानप्रदान गर्दा गोपनीयता तथा सुरक्षा मापदण्ड अपनाउने समझदारी भएको छ।

रोजगारी, नवप्रवर्तन, उद्यमशीलता, साना तथा मझौला उद्योग र निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि साझा कार्यक्रम सञ्चालन गरिने तथा बाढी, पहिरो तथा डुबानजस्ता विपद् व्यवस्थापनमा अनुभव आदानप्रदान र आपतकालीन समन्वय गरिने समझदारीमा उल्लेख छ। धार्मिक तथा अन्य पर्यटकीय संयुक्त संरचना निर्माण गरी त्यसबाट प्राप्त हुने राजस्व बाँडफाँटको ढाँचा तयार गर्ने विषयलाई पनि सहकार्यका क्षेत्रमा समेटिएको छ।

समझदारी कार्यान्वयनका लागि दुवै प्रदेशका अर्थ/आर्थिक मामिलामन्त्रीको नेतृत्वमा उच्चस्तरीय मार्गदर्शक समिति तथा मन्त्रालयका सचिवको नेतृत्वमा प्राविधिक एवं कार्यान्वयन समिति गठन गरिनेछ। कार्यान्वयनमा निरन्तर समन्वयका लागि दुवै मन्त्रालयबाट उपसचिवस्तरका एक-एक अधिकारीलाई सम्पर्क व्यक्ति तोकिनेछ। दुवै प्रदेशले २०८२ कात्तिक १५ गते हेटौंडामा प्रदेशका अर्थ/आर्थिक मामिलामन्त्रीले जारी गरेको 'वित्तीय सङ्घीयता सुदृढीकरणका लागि प्रदेशका आर्थिक मामिला मन्त्रीको साझा प्रतिबद्धता'लाई मार्गदर्शनका रूपमा आत्मसात् गर्ने भएका छन्।

संयुक्त रूपमा सञ्चालन हुने कार्यशाला, तालिम, प्रविधि विकास तथा अध्ययन-अनुसन्धानमा दुवै प्रदेशले ५०-५० प्रतिशत लागत व्यहोर्ने समझदारीपत्रमा उल्लेख छ।

# वीरगञ्जमा अनधिकृत रूपमा राखिएका 'होर्डिङ बोर्ड' हटाउन सुरु

पर्सा, ११ असोज (रासस)। वीरगञ्ज महानगरपालिकाले अनधिकृत रूपमा राखिएका 'होर्डिङ बोर्ड', ब्यानर तथा प्रचार सामग्री हटाउन सुरु गरेको छ। महानगरपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण, सडक तथा विद्युत् संरचनाको व्यवस्थापन र सहरको सौन्दर्य कायम गर्ने उद्देश्यअनुरुप सार्वजनिक विद्युत्का खम्बा तथा सार्वजनिक स्थानमा नियमविपरीत राखिएका अनधिकृत होर्डिङ बोर्ड, ब्यानर तथा प्रचार सामग्री आइतबारदेखि हटाउन सुरु गरेको हो।

महानगरपालिकाले सार्वजनिक पोल तथा स्थानमा विज्ञापन सामग्री राख्नुअघि महानगरपालिकाबाट आवश्यक अनुमति लिन आग्रह गर्दै वीरगञ्जका विभिन्न चोक तथा सडकका विद्युत् खम्बामा जथाभावी टाँगिएका निजी क्लिनिक, चिकित्सक तथा विभिन्न व्यवसायका प्रचार सामग्री हटाउने कामको थालनी गरिएको महानगरका हरियाली संयोजक प्रकाश खेतानले जानकारी दिनुभयो।

महानगरपालिकाले सञ्चालन गरेको अभियानअन्तर्गत वीरगञ्जका मुख्य सडक, चोक तथा विद्युत्का खम्बामा अनुमति नलिई राखिएका प्रचार सामग्री हटाउने कार्य तीव्र पारिएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "महानगरलाई स्वच्छ, सुन्दर र व्यवस्थित बनाउने दायित्व हामी सबैको हो, त्यसैले सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेर सहरी सौन्दर्य बिगार्ने र अनुमतिविना विज्ञापन राख्ने छुट कसैलाई छैन।"

महानगरपालिकाले कुनै पनि अनुमति नलिई सार्वजनिक स्थानमा होर्डिङ बोर्ड, ब्यानर तथा अन्य प्रचार सामग्री नराख्नसमेत सम्बन्धित व्यक्ति तथा संस्थालाई अनुरोध गरेको छ।

अहिले सडक डिभिजन कार्यालय हेटौंडाले वीरगञ्जको मुख्य सडकलाई आगामी दसैंअघि पूर्ण रूपमा सफा र व्यवस्थित बनाइने उद्देश्यअनुरुप त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार गर्ने उद्देश्यअनुसार घरहरु भत्काउने काम सम्पन्न गरेको छ।

# नेपाल स्काउटसम्बन्धी विधेयकमा शिक्षा मन्त्रालयद्वारा रायसुझाव माग

काठमाडौँ, ११ असोज (रासस)। शिक्षा तथा खेलकुद मन्त्रालयले 'नेपाल स्काउटसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'माथि रायसुझाव उपलब्ध गराउन सरोकार भएका निकायसँग आग्रह गरेको छ।

नेपाल स्काउट विश्व स्काउटका सदस्य रहेकाले विश्व स्काउटका सिद्धान्त तथा मूल्यमान्यतासँग नेपालको मौलिक परम्परा र प्रचलित कानुनलाई समायोजन गर्दै नेपाल स्काउटमार्फत बालबालिका तथा युवालाई विश्व स्काउटका सिद्धान्त र मान्यताअनुरूपको अभियानमा सहभागी गराउन विधेयक आवश्यक रहेको मन्त्रालयले जनाएको छ।

बालबालिका तथा युवालाई शारीरिक र नैतिक रूपमा विकास गरी अनुशासित, जिम्मेवार र सेवा भावनाले अभिप्रेरित गराउँदै देश विकासका कार्यमा सहभागी गराउन नेपाल स्काउटलाई अझ सक्षम र सङ्गठित बनाउन आवश्यक भएकाले कानुन संशोधन तथा एकीकरण गर्नुपर्ने मन्त्रालयको भनाइ छ।

नेपालको संविधानले सङ्घीय शासन प्रणाली अवलम्बन गरेअनुसार नेपाल स्काउटलाई पनि सङ्घीय ढाँचामा रूपान्तरण गरी सङ्घ, प्रदेश र स्थानीय तहमा यसको सञ्चालन तथा व्यवस्थापनमा स्पष्टता कायम गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। संविधानको भाग ६, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ का नीतिसँग सम्बन्धित विषयलाई ध्यानमा राखी नेपाल स्काउटसम्बन्धी ऐन तर्जुमा गर्नुपर्ने मन्त्रालयले जनाएको छ।

प्रस्तावित विधेयकले नेपाल स्काउटको सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्नुका साथै अन्तरराष्ट्रिय दायित्वसमेत पूरा गर्न सहयोग पुग्नेछ। विधायन ऐन, २०८१ को दफा (६) को (२) बमोजिम विधेयकलाई थप प्रभावकारी बनाउन आवश्यक राय, सुझाव तथा पृष्ठपोषण उपलब्ध गराउन सरोकार भएका निकायसँग आग्रह गरेको जनाइएको छ।

मन्त्रालयले यही असोज ८ गते सार्वजनिक गरेको सूचनामा विधेयकको उद्देश्य, आवश्यकता तथा त्यसबाट पर्ने प्रभावका सम्बन्धमा १५ दिनभित्र सुझाव दिन सम्बन्धित व्यक्ति, संस्था तथा सरोकारवालालाई अनुरोध गरिएको छ।

*तिलाठीका १९ ...*

गाउँपालिका वडा नं. ४ का बौवालाल खंग, हरिलाल खंग, बद्री खंग, रजिया देवी खंग, सुकराती खंग, चुनाई खंग, लक्ष्मण खंग, राजकुमार खंग, धर्मी खंग, जलेश्वर मुखिया, अखिलेश मुखिया र वडा नं. ५ का भरत मण्डल, महेश साह, सियाराम मुखिया, गंगाराम मुखिया, मनटुन मुखिया तथा बेचु मुखिया, भागवत खंग र ब्रह्मदेव खंगको परिवार गरी १९ परिवारका ८९ जना बाढीबाट प्रभावित भएका छन्।

# कांग्रेसको देउवा पक्षीय समूह पनि समानान्तर महाधिवेशनको तयारीमा

काठमाडौँ, ११ असोज (रासस)। नेपाली कांग्रेसको महाधिवेशन प्रक्रिया जारी रहेको अवस्थामा त्यसप्रति विमति जनाउँदै पूर्वसभापति शेरबहादुर देउवा पक्ष पनि पार्टीको समानान्तर महाधिवेशनमा जुटेको छ।

यही असोज १६ देखि १९ गतेसम्म काठमाडौँमा हुने महाधिवेशनका क्रममा जारी प्रतिनिधि छनोट प्रक्रिया रोकेर वार्ता र सहमतिका आधारमा आगामी महाधिवेशन संयुक्त रुपमा गर्नुपर्ने माग सुनुवाइ नभएको भन्दै सो समूह पनि कार्यतालिकासहित महाधिवेशनमा जुटेको हो। देउवा पक्षीय समूह १४औँ महाधिवेशनबाट निर्वाचित भएको कार्यसमिति नै आधिकारिक भएको दाबी गर्दै संस्थापन पक्षले आह्वान गरेको जारी महाधिवेशन प्रक्रियामा सहभागी भएको छैन।

सो समूहका संयोजक डा शशाङ्क कोइरालाले आगामी मङ्सिर २१ देखि २३ गतेसम्म काठमाडौँमा १५औँ महाधिवेशन गर्ने निर्णयसहित यही असोज १५ गतेबाट वडा अधिवेशन सुरु हुने बताउनुभयो। देउवा समूहले आगामी बिहीबारदेखि वडा अधिवेशन सुरु गर्ने र त्यसका लागि ५६ जिल्लामा निर्वाचन संयोजक तोकिएको जनाएको छ।

कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको तर्क गर्दै अहिले महाधिवेशन गर्न नहुने पक्षमा रहेको सो समूहको मागलाई बेवास्ता गर्दै असोज ३ गतेबाट प्रतिनिधि छनोट प्रक्रियामा होमिएको संस्थापन पक्ष अहिले १५औँ महाधिवेशनको अन्तिम तयारीमा जुटेको छ।

यसैबीच, आसन्न महाधिवेशनका क्रममा देउवा समूहद्वारा गठित सदस्यता व्यवस्थापन केन्द्रीय समितिले क्रियाशील सदस्यताको विवरण केन्द्रीय निर्वाचन समितिलाई बुझाएको नेता डा प्रकाशशरण महतले जानकारी दिनुभयो।

क्रियाशील सदस्यता व्यवस्थापन समितिका संयोजक किरणराज शर्मा पौडेलले निर्वाचन समितिका संयोजक एकराज पोखरेललाई क्रियाशील सदस्यताको विवरण शनिबार हस्तान्तरण गरेको जानकारी दिनुभयो।

संयोजक पौडेलले यही असोज ९ गतेसम्म वितरण र नवीकरण गरिएका क्रियाशील सदस्यताको विवरण निर्वाचन समितिलाई बुझाइएको र कूल सदस्य सङ्ख्या सात लाख ८३ हजार ८३६ रहेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "यसमध्ये पाँच लाख ७३ हजार ३६९ पुरानो सदस्यता नवीकरण र दुई लाख १० हजार ६६७ नयाँ क्रियाशील सदस्यता रहेको छ।"

संयोजक पौडेलले भन्नुभयो, "पहिला पार्टीले महामन्त्री गगन थापालाई यो जिम्मेवारी दिएकोमा समयमै क्रियाशील सदस्यता नटुङ्गिदा समस्या आएको थियो, तर अहिले शेरबहादुर देउवाले मलाई जिम्मेवारी दिएपछि यसलाई समयमै टुङ्गो लगाएर हस्तान्तरण पनि गरिसकेको छु। अब समयमै महाधिवेशन हुन्छ, यसमा कुनै समस्या छैन।"

यसैगरी, देउवा समूहका नेता डा महतले भन्नुभयो, "हामी पार्टीभित्र एकताको महाधिवेशन गर्न चाहन्थ्यौँ, यसका लागि अन्तिमसम्म प्रयास पनि गरेका हौँ र सबै ढोका खुला राखेर कोसिस पनि गरेका हौँ। तर सम्भव नभएपछि आपत्कालीन मोडमा तयारीमा लागेका छौँ।"

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्वन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*